- नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५
- नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७
- नेपाल पशु चिकित्सा परिषद् दर्तावाल पशु चिकित्सकको आचारसंहिता (दोस्रो संशोधन) विनियमावली, २०७७



# नेपाल पशु चिकित्सा परिषद्


त्रिपुरा मार्ग, त्रिपुरेश्वर, काठमाडौं
फोन: +९७७ १ ५३६१२१०/५३५९१४४
ईमेल: info@vcn.gov.np
वेवसाइट: www.vcn.gov.np

# नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५

लालमोहर सदर मिति
२०५५/११/२७

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ ◎ | २०६६/१०/०७ |
| नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५/११/१९ |

२०५५ सालको ऐन नं. २४

✂............

***नेपाल पशु चिकित्सा परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन***

**प्रस्तावना**: नेपाल ✂............ मा पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन तथा पशु चिकित्सकहरुको योग्यता अनुसार नाम दर्ता समेतको व्यवस्था गर्नको लागि नेपाल पशु चिकित्सा परिषद्को स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजधिराज विरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं (२७औं) वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५" रहेको छ ।

---

◎ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।
✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**परिषद्**" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल पशु चिकित्सा परिषद् सम्झनु पर्छ ।

(ख) "**अध्यक्ष**" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ग) "**सदस्य**" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष र उपाध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "**दर्ता किताब**" भन्नाले यस ऐन बमोजिम पशु चिकित्सकहरुले नाम दर्ता गर्ने किताब सम्झनु पर्छ ।

(ङ) "**दर्तावाल पशु चिकित्सक**" भन्नाले दर्ता किताबमा नाम दर्ता भएको पशु चिकित्सक सम्झनु पर्छ ।

(च) "**पशु चिकित्सक**" भन्नाले परिषद्वाट मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको ब्यक्ति सम्झनु पर्छ ।

(छ) "**रजिष्ट्रार**" भन्नाले ऐनको दफा १९ बमोजिम नियुक्त रजिष्ट्रार सम्झनु पर्छ ।

(ज) "**पशु औषधि**" भन्नाले पशुको रोगको निदान, उपचार वा नियन्त्रण गर्ने काममा प्रयोग हुने जुनसुकै पदार्थ, हार्मोन वा जैविक पदार्थ सम्झनु पर्छ र सो शब्दले पशु दानामा प्रयोग गरिने प्रोटिन, लवण वा भिटामिन समेतलाई जनाउँछ ।

(झ) "**पशु**" भन्नाले जनावर, पन्छी र माछा समेत सम्झनु पर्छ ।

(ञ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २

## परिषद्को स्थापना, गठन तथा काम, कर्तव्य र अधिकार

३. **परिषद्को स्थापना**: पशु चिकित्सा व्यवसायलाई प्रभावकारी वनाई

व्यवस्थित गराउन, वैज्ञानिक ढंगले परिचालन गर्न तथा पशु चिकित्सकहरुको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्न नेपाल पशु चिकित्सा परिषद्को स्थापना गरिएको छ ।

## ४. परिषद् स्वशासित संस्था हुने

(१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सम्पूर्ण काम कारबाहीको लागि आफ्नो छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालेस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालेस उजूर लाग्न सक्नेछ ।

## ५. परिषद्को गठन

**(१) दफा ३ बमोजिम स्थापना भएको परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहने छन्ः**

(क) नेपाल सरकारवाट मनोनीत “क” श्रेणीको दर्तावाल पशु चिकित्सक - अध्यक्ष

(ख) दर्तावाल पशु चिकित्सकहरु मध्येवाट निर्वाचित दुईजना पशु चिकित्सक - उपाध्यक्ष

(ग) नेपाल सरकारवाट मनोनीत कम्तीमा “ख” श्रेणीको दर्तावाल पशु चिकित्सक दुईजना - सदस्य

(घ) दर्तावाल पशु चिकित्सकहरु मध्येवाट निर्वाचित पाँचजना पशु चिकित्सक - सदस्य

(ङ) अध्यक्ष, नेपाल भेटेरिनरी एसोसिएशन - सदस्य

**(२) उपदफा (१) बमोजिम परिषद्को गठन नभएसम्मको लागि परिषद्ले गर्नु पर्ने काम गर्ने गरी नेपाल सरकारले समिति गठन गर्न सक्नेछ । त्यसरी**

**गठन भएको समिति एक वर्षभन्दा बढी अवधिको लागि कायम हुने छैन ।**

६. **सदस्यको पदावधि**

(१) दफा ५ को उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ । पदावधि समाप्त भएका सदस्यहरु यस ऐनमा लेखिएका अन्य कुराहरुको अधिनमा रही पुनः मनोनित वा निर्वाचित हुन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिमको पदावधि समाप्त नहुदै कुनै सदस्यको पद रिक्त हुन आएमा त्यस्तो रिक्त हुन आएको सदस्यको पद बाँकी अवधिको लागि मनोनयन वा निर्वाचनद्वारा पूर्ति गर्न सकिनेछ ।

तर छ महिनाभन्दा कम अवधिको लागि निर्वाचन वा मनोनयन गरिने छैन ।

७. **सदस्यको निमित्त अयोग्यता**: देहायको कुनै ब्यक्ति परिषद्को पदमा मनोनीत वा निर्वाचित हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक,

(ख) दर्ता किताबबाट नाम हटाइएको,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, र

(ङ) मगज बिग्रेको ।

८. **परिषद्को सदस्यता कायम नरहने**: देहायको अवस्थामा परिषद्को सदस्यता कायम रहने छैनः

(क) दफा ७ बमोजिम अयोग्य भएमा,

(ख) सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ग) परिषद्लाई कारण सहितको पूर्व सूचना नदिई लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा,

(घ) मृत्यु भएमा ।

**९. परिषद्को काम, कर्तव्य र अधिकार:** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पशु चिकित्सा व्यवसाय सुचारु रुपवाट संचालन गर्नको लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरु तयार गरी त्यसको कार्यान्वयन गर्ने ।

(ख) पशु स्वास्थ्य सेवा र तत्सम्बन्धी प्रणालीलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन आवश्यक नीति, कार्ययोजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकार समक्ष पेश गर्ने ।

(ग) पशु औषधि, जैविक पदार्थ, पशुको दाना, चल्ला तथा पशु उत्पादन सामग्रीलाई गुणस्तरयुक्त बनाउन आवश्यक पर्ने मापदण्ड तयार गर्न नेपाल सरकारलाई सुझाव दिने ।

(घ) पशु चिकित्सकहरुको योग्यता निर्धारण गर्ने र त्यसरी निर्धारित योग्यता पूरा गरेका पशु चिकित्सकहरुको नाम दर्ता गरी अद्यावधिक अभिलेख राख्ने ।

(ङ) दर्तावाल पशु चिकित्सकहरुले पालन गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गर्ने ।

(च) पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था र त्यस्ता संस्थाहरुले प्रदान गरेका प्रमाणपत्र तथा उपाधिहरुलाई तोकिए बमोजिम मान्यता दिने ।

(छ) पशु चिकित्सा र पशु स्वास्थ्यसंग सम्वन्धित विषयमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने ।

(ज) पशु औषधिको खोज वा आविष्कार गर्ने कार्यमा प्रयत्नशील रहने ।

(झ) अन्तर्राष्ट्रिय क्षेत्रमा हासिल गरिएका पशु चिकित्सासंग सम्वन्धित अनुसन्धान वा अनुभवहरुको आदान प्रदान गरी नेपालको लागि उपयुक्त हुने कुराहरु लागू गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(ञ) दर्तावाल पशु चिकित्सकले आचार संहिताको पालन नगरेमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो पशु चिकित्सकको नाम परिषद्वाट हटाउने ।

(ट) परिषद्को उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

१०. **परिषद्को बैठक र निर्णयः**

(१) परिषद्को बैठक साधारणतया वर्षमा चारपटक बस्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येवाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(६) परिषद्को निर्णय रजिष्ट्रारद्वार प्रमाणित गरिनेछ ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## नाम दर्ता सम्बन्धी व्यवस्था

११. **नाम दर्ता नगराई व्यवसाय गर्न नहुनेः** यो ऐन प्रारम्भ भएको मितिले एक वर्षपछि परिषद्मा नाम दर्ता नगराएको कुनै पनि व्यक्तिले पशु चिकित्सा व्यवसाय गर्न हुदैन ।

१२. **नाम दर्ताको लागि दरखास्त दिनेः**

(१) परिषद्मा नाम दर्ता गराउन चाहने ब्यक्तिले तोकिए बमोजिमको ढाँचामा परिषद् समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत पशु चिकित्सा व्यवसाय गरिरहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र परिषद् समक्ष नाम दर्ता

गराउनका लागि उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने व्यक्तिले दरखास्त साथ आफूले प्राप्त गरेका प्रमाणपत्र, उपाधि तथा तत्सम्बन्धी अन्य कागजात र तोकिए बमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ ।

## १३. दरखास्त उपर कारबाही र दर्ताको प्रमाणपत्रः

(१) दफा १२ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचवुझ गरी दर्ता किताबमा नाम दर्ता गर्न सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको दरखास्त उपर सम्वन्धित समितिले योग्यता सम्वन्धी उपाधि मान्यता प्राप्त हो होइन र दरखास्त रीतपूर्वक छ छैन भन्ने कुराको समेत जाँचबुझ गरी पन्ध्र दिनभित्र परिषद् समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले पेश गरेको प्रतिवेदनको आधारमा परिषद्ले दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गर्ने नगर्ने कुराको निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषद्ले दरखास्तवालाको नाम दर्ता हुने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गरी निजलाई तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ । परिषद्ले दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेकोमा रजिष्ट्रारले त्यसको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।

## १४. दर्ता किताबबाट नाम हटाउने र पुनः दर्ता गर्नेः

(१) देहायको अवस्थामा वाहेक दर्तावाल पशु चिकित्सकको नाम दर्ता किताबवाट हटाइने छैनः-

(क) मगज बिग्रेको,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट सजाय पाएको,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) आचार संहिता पालन नगरेको भनी परिषद्को दुई तिहाई बहुमतले

प्रस्ताव पारित गरेको ।

(२) उपदफा (१) को खण्ड (क), (ग) र (घ) बमोजिमको अवस्था परी दर्ता किताबवाट नाम हटाइएको पशु चिकित्सकले मनासिव माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिएमा र परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिव देखेमा परिषद्को दुई तिहाई बहुमतको निर्णयवाट नाम दर्ता गर्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश भएमा रजिष्ट्रारले तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो पशु चिकित्सकको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।

१५. **प्रमाणपत्र रद्द गर्ने**: धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुराको जानकारी हुन आई सो कुरा जाँचबुझ गर्दा साँचो ठहरिन आएमा परिषद्ले त्यस्तो व्यक्तिको दर्ताको प्रमाणपत्र रद्द गर्न सक्नेछ ।

१६. **पशु चिकित्सकहरुको श्रेणी**: यस ऐन बमोजिम पशु चिकित्सकहरुको नाम दर्ता गर्ने प्रयोजनको लागि देहाय बमोजिमको योग्यता भएका पशु चिकित्सकहरुलाई देहाय बमोजिमको श्रेणीमा राखिएको छ :

(क) **"क श्रेणी"**: मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा विद्यावारिधि उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थावाट पशु चिकित्सा विज्ञानमा स्नातकोत्तर उपाधि हासिल गरी सम्वन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थावाट पशु चिकित्सा विज्ञानमा स्नातक उपाधि हासिल गरी सम्वन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थावाट पशु चिकित्सा विज्ञानमा स्नातक उपाधि हासिल गरी नेपाल सरकारको सेवामा कम्तीमा राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको पदमा वा विश्वविद्यालयमा कम्तीमा सहप्राध्यापकको पदमा कार्यरत पशु चिकित्सक ।

(ख) **"ख श्रेणी"**: मान्यताप्राप्त शिक्षण संस्थावाट पशु चिकित्सा विज्ञानमा विद्यावरिधि उपाधि हासिल गरी सम्वन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रका कम्तीमा दश वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थावाट पशु चिकित्सा विज्ञानमा स्नातक उपाधि हासिल गरी नेपाल सरकारको सेवामा कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको पदमा वा विश्वविद्यालयमा कम्तीमा उपप्राध्यापकको पदमा कार्यरत पशु चिकित्सक ।

(ग) **"ग श्रेणी"**: मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा कम्तीमा स्नातक उपाधि हासिल गरेको पशु चिकित्सक ।

**१७. मान्यताको लागि दरखास्त दिने:**

(१) कुनै शिक्षण संस्थावाट पशु चिकित्सा सम्बन्धी विषयमा डिग्री, डिप्लोमा, प्रमाणपत्र वा यस्तै अन्य उपाधि प्राप्त गर्ने व्यक्तीले सोको मान्यताको लागि परिषद् समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त उपर छानबिन गरी परिषद्ले मान्यता दिएको डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधि प्रदान गर्ने शिक्षण संस्थाको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

**१८. व्यवसाय छाडेमा वा ठेगाना बदलेमा सूचना गर्नुपर्ने:** कुनै दर्तावाल पशु चिकित्सकले आफ्नो व्यवसाय छाडेमा वा ठेगाना परिवर्तन गरेमा एक महिनाभित्र राजिष्ट्रारलाई सूचना गर्नु पर्नेछ ।

## परिच्छेद-४

## कर्मचारी सम्बन्धी व्यवस्था

**१९. रजिष्ट्रारको नियुक्ति तथा काम, कर्तव्य र अधिकारः**

(१) परिषद्मा नाम दर्ता भै तोकिएको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले परिषद्को रजिष्ट्रार नियुक्त गर्न सक्नेछ ।

(२) रजिष्ट्रार परिषद्को प्रमुख प्रशासकीय अधिकृतको रुपमा रहनेछ ।

(३) रजिष्ट्रारको पारिश्रमिक, सेवाको शर्त तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(४) यस ऐनमा अन्यत्र लेखिएका कुराको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पशु चिकित्सकद्वारा नाम दर्ताको लागि पेश गरिएका दरखास्तहरु सम्बन्धित समितिमा पेश गर्ने ।

(ख) परिषद्द्वारा गरिएका निर्णयहरु कार्यन्वयन गर्ने गराउने ।

(ग) परिषद्द्वारा पशु चिकित्सकको रुपमा नाम दर्ता गर्ने निर्णय गरे बमोजिम पशु चिकित्सकहरुको नाम दर्ता किताबमा चढाउने ।

(घ) कुनै दर्तावाल पशु चिकित्सकको मृत्यु भएमा निजको नाम दर्ता किताबबाट हटाउने ।

(ङ) दर्तावाल पशु चिकित्सकले व्यवसाय छाडेको वा ठेगाना बदलेको सूचना प्राप्त भएमा दर्ता किताबमा जनाउने ।

(च) परिषद्को निर्णय प्रमाणित गर्ने ।

(५) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार परिषद्ले तोके बमोजिम हुनेछ ।

**२०. परिषद्का कर्मचारीः**

(१) परिषद्ले आफ्नो आर्थिक स्रोतबाट तलब, भत्ता तथा अन्य सुविधाहरु उपलब्ध गराउने गरी परिषद्को कार्य सञ्चालनको लागि आवश्यक संख्यामा कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरु रजिष्ट्रारको रेखदेख र नियन्त्रणमा रहने छन् ।

(३) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको सेवाको शर्त र सुविधाहरु विनियममा तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद–५**

## कोष र लेखापरीक्षण

**२१. परिषद्को कोषः**

(१) परिषद्को एउटा छुट्टै कोष हुनेछ ।

(२) परिषद्को सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति, संस्था, सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त ऋण, चन्दा, अनुदान वा दानदातव्यको रुपमा प्राप्त रकम,

(ग) परिषद्ले लगाएको विभिन्न दस्तुरबाट उठेको रकम,

(घ) अन्य कुनै स्रोतवाट प्राप्त रकम ।

(४) उपदफा (३) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) परिषद्को कोषमा प्राप्त हुन आएको रकम नेपाल ✂ …………को कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(६) परिषद्को कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**२२. परिषद्को लेखा र लेखा परीक्षणः**

(१) परिषद्को आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखा परीक्षण महालेखा परीषकले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा परिषद्को कोषको हिसाब किताब जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ ।

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

## विविध

**२३. परिषद्‌को विघटनः**

(१) परिषद्‌ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्न नसकेको वा बराबर अधिकारको दुरुपयोग गरेको वा त्यस्तो अधिकारभन्दा बढी अधिकारको प्रयोग गर्ने गरेको वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफ्नो कर्तव्य पालन गर्न नसकेको भन्ने नेपाल सरकारलाई लागेमा सो कुरा सुधार गर्न वा सच्याउन नेपाल सरकारले परिषद्‌लाई निर्देशन दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन बमोजिम परिषद्‌ले आफ्नो काम करबाही सुधार गर्न वा सच्याउन नसकेमा नेपाल सरकारले परिषद्‌लाई विघटन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिषद् विघटन भएपछि अर्को परिषद् गठन नभएसम्म परिषद्‌को कोष तथा सम्पत्ति नेपाल सरकारले आफ्नो जिम्मामा राखी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम परिषद्‌ले प्रयोग गर्ने सबै अधिकार नेपाल सरकार आफैंले प्रयोग गर्न वा समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम परिषद् विघटन भएको तीन महिनाभित्र नेपाल सरकारले दफा ५ बमोजिम नयाँ परिषद् गठन गर्नेछ ।

**२४. समिति गठन गर्न सक्नेः**

(१) परिषद्‌ले आवश्यकतानुसार विभिन्न विषय समिति तथा अन्य समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित विषय समिति तथा अन्य समितिहरुको काम, कर्तव्य र अधिकार तथा कार्याविधि परिषद्‌ले तोकिदिए बमोजिम हुनेछ ।

**२५. सदस्यको बैठक भत्ता तथा अन्य सुविधाः** सदस्य तथा दफा २४ बमोजिम गठन भएको विषय समिति तथा अन्य समितिका सदस्यहरुको बैठक भत्ता

तथा अन्य सुविधा तोकिए बमोजिम  हुनेछ ।

२६. **अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने अधिकारी**: दफा २७ बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

२७. **कसूर तथा दण्ड सजाय**:

(१) दफा ११ बमोजिम परिषद्मा नाम दर्ता नगराई पशु चिकित्सा व्यवसाय गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम कसूर गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुबै सजाय हुनेछ ।

(३) उपदफा (२) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको विपरीत हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

२८. **नेपाल सरकारसंग सम्पर्क**: परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा ⇒ कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

२९. **नियम तथा विनियम बनाउने अधिकार**:

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यसरी बनाएको नियम नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(२) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

---

⇒ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

**द्रष्टव्य**: केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्द : "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७

नेपाल पशु चिकित्सा परिषद्, २०५५ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी नेपाल पशु चिकित्सा परिषद्ले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा -

(क) "**ऐन**" भन्नाले "नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५" लाई सम्झनु पर्छ।

(ख) "**आधारभूत कोर्ष**" भन्नाले आई.एस्सी. वा सो सरह उत्तिर्ण गरी पशु चिकित्सा शास्त्रमा वि.भि.एस्सी. वा वि.भि.एस्सी. एण्ड ए.एच्. वा डि.भि.एम्. वा एम्.एस्सी. (भेट्.) वा सोसरह कोर्षमा कम्तिमा ४ (चार) वर्षको अध्ययन गरी प्राप्त गरेको उपाधिलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## नाम दर्ता सम्बन्धी व्यवस्था

३. **दरखास्त दिनु पर्नेः** (१) ऐनको दफा १२ को उपदफा (१) बमोजिम पशु चिकित्सकले आफ्नो नाम दर्ता गराउन परिषद् समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा देहायमा लेखिए बमोजिमको कुनै एक दर्ताको किसिम खुलाउनु पर्नेछ :

(क) स्थायी दर्ता,

(ख) आवधिक दर्ता,

(ग) बिशेषज्ञ दर्ता।

(३) उपनियम (१) बमोजिम दरखास्त दिंदा नियम २१ बमोजिमको दर्ता शुल्क सहित देहायका प्रमाणपत्र संलग्न राखी पेश गर्नु पर्नेछ :

(क) एस्.एल्.सी. वा सो सरहको प्रमाणपत्र,

(ख) आई.एस्सी. वा दश जोड दुई वा सो सरह मान्यता प्राप्त कोर्षहरुमा भौतिक विज्ञान, रसायन विज्ञान र जीव विज्ञान मुख्य विषय लिई उत्तिर्ण भएको प्रमाणपत्र,

(ग) आधारभूत कोर्ष उत्तिर्ण गरेको प्रमाणपत्र,

(घ) नागरिकताको प्रमाणपत्र वा राहदानीको प्रतिलिपि,

(ङ) ऐनको दफा १६ बमोजिम श्रेणी खुलाउन आवश्यक पर्ने अन्य कागजातहरुको प्रमाणित प्रतिलिपि ।

४. **स्थायी दर्ताः** (१) नेपाल राज्य भित्र स्थायी रुपले पशु चिकित्सा सम्बन्धी व्यवसाय गर्ने पशु चिकित्सकले स्थायी दर्ता गराउन परिषद् समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐन लागु हुनुभन्दा अगाडिदेखि नेपाल राज्यमा पशु चिकित्सा व्यवसाय गरिरहेका आधारभूत कोर्ष उत्तिर्ण गरेका नेपाली पशु चिकित्सकहरु स्थायी दर्ता हुन परिषद्ले तोकेको अवधि भित्र निवेदन दिई दर्ता हुन पाउने छन् ।

५. **आवधिक दर्ताः** (१) कुनै गैर नेपाली पशु चिकित्सकले निश्चित अवधिको लागि नेपाल राज्य भित्र पशु चिकित्सालय, शिक्षण संस्था वा अन्य संघ संस्थामा पशु चिकित्सकको रुपमा काम गर्नको लागि परिषद् समक्ष अनुसूची-२ बमोजिको ढाँचामा आवधिक दर्ता गराउन दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिने पशु चिकित्सकले दरखास्तसाथ आफ्नो वा अन्य कुनै देशमा आफु कार्यरत रहंदा पशु चिकित्सा परिषद् वा सो सरहको अन्य आधिकारिक निकायमा दर्ता भएको भए सोको प्रमाणपत्र र असल आचरणको प्रमाणपत्र, आफ्नो राहदानी र भिसाको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ ।

तर भारतीय पशु चिकित्सकको हकमा भारतीय नागरिक भएको आधिकारिक परिचयपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

(३) दरखास्तसाथ नेपालमा काम गर्न प्रस्ताव गर्ने संस्थाले दिएको कार्य सम्पादनको शर्त र व्यक्तिगत बिवरण संलग्न गर्नु पर्नेछ ।

(४) तोकिएको अवधिभन्दा अगावै दर्तावाला पशु चिकित्सकले काम छाडेमा वा छुटाइएमा यस्तो आवधिक दर्ता स्वतः खारेज भएको मानिनेछ ।

(५) परिषद्मा आवधिक दर्ता गराई कुनै संस्थामा काम गरेको पशु चिकित्सकले सो दर्ताको म्याद बाँकी हुंदै संस्था छोडी हिंडेमा वा संस्थाले हटाएमा संस्थाले सोको जानकारी तुरुन्त परिषद्लाई दिनु पर्नेछ ।

(६) आवधिक दर्ताको अवधि, काम र काम गर्ने संस्था परिषद्ले जारी गरेको प्रमाणपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

तर यस्तो दर्ता एक पटकमा छ महिनाभन्दा बढी अवधिको लागि हुने छैन ।

६. **बिशेषज्ञ दर्ताः** (१) स्थायी दर्ता भएका पशु चिकित्सकले विशेषज्ञ दर्ता गराउन चाहेमा अनुसूची-३ को ढाँचामा परिषद् समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) बिशेषज्ञ दर्ताको मापदण्ड परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **दर्ता किताब राख्नु पर्नेः** (१) ऐनको दफा १२ बमोजिम पशु चिकित्सकको नाम दर्ता प्रयोजनको लागि रजिष्ट्रारले अनुसूची-४ बमोजिमको ढाँचामा दर्ता किताबमा राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता किताब राख्दा दर्ताको किसिमको आधारमा छुट्टा छुट्टै दर्ता किताब राख्नु पर्नेछ ।

८. **दर्ता प्रमाणपत्रः** (१) ऐनको दफा १३ को उपदफा (४) को प्रयोजनको लागि प्रदान गरिने प्रमाणपत्रको ढाँचा अनुसूची-५ को देहायको फाराममा उल्लेख भए बमोजिम हुनेछ :

(क) स्थायी दर्ताको लागि फाराम - १

(ख) आवधिक दर्ताको लागि फाराम - २

(ग) बिशेषज्ञ दर्ताको लागि फाराम - ३

९. **मान्यताको लागि दरखास्त दिनु पर्ने**: ऐनको दफा १७ को उपदफा (१) को प्रयोजनको लागि दिइने दरखास्तको ढाँचा अनुसूची-६ मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **मान्यता दिने**: (१) ऐनको दफा ९ को खण्ड (च) बमोजिम पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्थालाई मान्यता दिंदा परिषद्ले निर्धारण गरेको न्यूनतम पाठ्यक्रम तथा पूर्वाधारको आधारमा दिइनेछ ।

(२) यस सम्बन्धी अन्य व्यवस्था परिषद्को विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## अध्यक्ष, सदस्य तथा रजिष्ट्रार सम्वन्धी व्यवस्था

११. **अध्यक्षको जिम्मेवारी**: (१) ऐन तथा यस नियमावलीको अधिनमा रही अध्यक्षको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को बैठकमा छलफल गरिने विषयहरुको प्राथमिकता निर्धारण गर्ने,

(ख) परिषद्द्वारा सञ्चालित योजना, कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) परिषद्को निर्णय कार्यान्वयन गराउन रजिष्ट्रारलाई निर्देशन दिने ।

१२. **अध्यक्षको पद**: अध्यक्षको पद परिषद्को बिशिष्ट श्रेणीका अधिकृत सरह हुनेछ ।

१३. **अध्यक्षको सुविधा र सहुलियत**: अध्यक्षको सुविधा र अन्य सहुलियत परिषद्ले तोके बमोजिम हुनेछ ।

१४. **रजिष्ट्रारको योग्यता र पद**: (१) नेपाल सरकारले ऐनको दफा १९ को उपदफा (१) बमोजिम रजिष्ट्रारको नियुक्ती गर्दा परिषद्मा "क" श्रेणीको दर्ता भएका पशु चिकित्सकहरु मध्येबाट गर्नेछ ।

(२) रजिष्ट्रारको पद परिषद्को प्रथम श्रेणीका अधिकृत सरहको हुनेछ ।

१५. **रजिष्ट्रारको पारिश्रमिक र सेवाको शर्त**: (१) रजिष्ट्रारको पारिश्रमिक परिषद्को प्रथम श्रेणीका अधिकृत सरह हुनेछ ।

(२) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ ।

१६. **बैठक भत्ता र अन्य सुविधा**: (१) अध्यक्ष, सदस्य तथा रजिष्ट्रारले परिषद्को बैठकमा भाग लिंदा प्रत्येक बैठकको लागि परिषद्ले तोके बमोजिम बैठक भत्ता दिइनेछ ।

(२) ऐन बमोजिम परिषद्ले गठन गर्ने अन्य समितिको बैठकमा भाग लिंदा प्रत्येक बैठकको लागि संयोजक, सदस्य तथा रजिष्ट्रारलाई उपदफा (१) बमोजिमको भत्ता दिइनेछ ।

(३) अध्यक्ष, सदस्य तथा रजिष्ट्रारले पाउने अन्य सुविधा परिषद्ले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## परिषद्को कोष र खाता सञ्चालन

१७. **परिषद्को कोष र खाता सञ्चालनः** (१) रजिष्ट्रारले परिषद्लाई प्राप्त भएको रकम परिषद्ले तोकेको कुनै बाणिज्य बैंङ्कमा परिषद्को नाममा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) रजिष्ट्रार र परिषद्को लेखा प्रमुखको संयुक्त दस्तखतबाट परिषद्को खाताको सञ्चालन हुनेछ । रजिष्ट्रारको अनुपस्थितिमा रजिष्ट्रारले गर्ने कार्य अध्यक्षले तोके बमोजिम हुनेछ ।

(३) परिषद्को लेखा दोहोरो श्रेस्ता प्रणालीमा राखिनेछ ।

(४) परिषद्को आर्थिक कार्यविधि आर्थिक विनियममा तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५

## नाम हटाउने सम्बन्धी कार्यविधि

१८. **जाँचबुझ समितिः** (१) ऐनको दफा ९ को खण्ड (ञ) र दफा १५ को प्रयोजनको लागि कुनै दर्तावाल पशु चिकित्सकको नाम परिषद्को दर्ता किताबबाट हटाउन वा प्रमाणपत्र रद्द गर्न कुनै माध्यमबाट परिषद्लाई उजुरी, सुझाव वा शिकायत प्राप्त हुन आएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न परिषद्को एक सदस्यको संयोजकत्वमा तीन सदस्यीय जाँचबुझ समिति गठन गर्न सक्नेछ ।

(२) जाँचबुझ समितिले जाँचबुझको काम समाप्त गरेपछि परिषद् समक्ष आफ्नो प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१९. **बयान गराउने वा सबुत प्रमाण पेश गर्न लगाउने**: आचार संहिता उल्लंघन गरेको आरोप लागेको पशु चिकित्सकलाई जाँचबुझ समितिले बयान लिन र निज उपर लागेको आरोपको बिरुद्ध सबुद प्रमाणहरु पेश गर्न लगाउन सक्नेछ ।

२०. **सफाई पेश गर्ने मौका दिनु पर्ने**: (१) आचार संहिता उल्लंघन गरेको आरोप लागेको पशु चिकित्सक उपर छानविनको क्रममा गठित जाँचबुझ समितिले त्यस्तो व्यक्तिलाई कारवाही गर्न लागेको कारण उल्लेख गरी सो सम्बन्धमा आफ्नो सफाई पेश गर्न कम्तिमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सफाई पेश गर्ने मौका दिंदा निज उपर लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ, सो समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सफाई पेश गर्ने मौका दिइएकोमा सम्बन्धित व्यक्तिले पनि म्याद भित्रै आफ्नो सफाई पेश गर्नु पर्नेछ ।

२१. **निलम्बन गर्न सक्ने**: (१) दर्तावाल पशु चिकित्सकले पालन गर्नु पर्ने आचार संहिता उल्लंघन गरेको आरोप लागेको वा धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको आरोप लागेको व्यक्तिलाई परिषद्ले जाँचबुझ प्रारम्भ भएको मितिदेखि व्यवसाय गर्नबाट निलम्बन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै पशु चिकित्सकलाई निलम्बन गर्दा सामान्यतया दुई महिनाभन्दा बढी अवधिको लागि निलम्बन गरिने छैन । सो अवधि भित्रै पशु चिकित्सक उपर लगाइएको आरोपको सम्बन्धमा कारवाही किनारा लगाई सक्नु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधि भित्र कारवाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा परिषद्ले बढीमा एक महिनासम्मको निलम्बनको अवधि बढाउन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम निलम्बन गरिएकोमा वा उपनियम (२) बमोजिम निलम्बनको अवधि बढाइएकोमा सो कुराको जानकारी सम्बन्धित पशु चिकित्सक र निज कुनै संस्थामा कार्यरत भए त्यस्तो संस्थालाई समेत

दिनु पर्नेछ । त्यसरी कुनै पशु चिकित्सकलाई निलम्बनमा राख्ने जानकारी प्राप्त भएपछि सम्बन्धित संस्थाले पनि सम्बन्धित पशु चिकित्सकलाई सो संस्थाको पेशागत सेवाबाट निलम्बन गर्नु पर्नेछ ।

## परिच्छेद-६

## विविध

२२. **दर्ता शुल्कः** परिषद्मा दर्ताको लागि देहाय बमोजिमको शुल्क बुझाउनु पर्नेछ :

(क) स्थायी दर्ता रु. २,५००।- (दुई हजार पाँच शय रुपैयाँ)

(ख) विशेषज्ञ दर्ता रु. ३,०००।- (तीन हजार रुपैँया)

(ग) आवधिक दर्ता

(अ) सार्क क्षेत्र भित्रको मुलुकका लागि ८० (असी) यू.एस. डलर प्रति पटक

(अ) सार्क क्षेत्र बाहिरको मुलुकका लागि १५० (एक सय पचास) यू.एस. डलर प्रति पटक

२३. **प्रमाणित गर्नु पर्नेः** दर्ताको लागि पेश गरिने सम्पूर्ण प्रमाणपत्रहरु परिषद्का सदस्य वा परिषद्मा स्थायी दर्तावाल पशु चिकित्सकद्वारा प्रमाणित गराइएको हुनु पर्नेछ ।

२४. **निर्वाचनमा भाग लिन पाउनेः** परिषद्मा स्थायी दर्ता भएका पशु चिकित्सकले मात्र परिषद्को निर्वाचनमा भाग लिन पाउने छन् ।

२५. **अधिकार प्रत्यायोजनः** परिषद्ले आफुमा निहित व्यवस्थापकीय अधिकार मध्ये केही अधिकार परिषद्का अध्यक्ष वा परिषद्द्वारा गठित समितिलाई आफ्नो जवाफदेहिमा अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## अनुसूचि–१

## (नियम ४ को उपनियम (१) संग सम्बन्धित)

**परिषद्मा स्थायी नाम दर्ता गर्ने दरखास्तको नमूना**

| दरखास्तवालाको पासपोर्ट साइजको फोटो |
|---|

श्री रजिष्ट्रार,
नेपाल पशु चिकित्सा परिषद्,
भेटेरिनरी कम्प्लेक्स,
त्रिपुरेश्वर, काठमाण्डौं ।

महोदय,

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा १२ को उपदफा (१) तथा नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ को नियम ४ बमोजिम नेपाल पशु चिकित्सा परिषद्को दर्ता किताबमा स्थायी नाम दर्ता गराउन देहाय बमोजिमको बिवरण खोली यो दरखास्त पेश गरेको छु ।

(१) पूरा नाम र थरः ...........................................................................

FULL NAME (IN BLOCK LETTERS): ..............................................

(२) जन्म मितिः ...................................................................................

(३) बाबुको नामः ................................................................................

(४) बाजेको नामः ................................................................................

(५) बिवाहिता भए पति वा पत्नीको नामः ..................................................

(६) स्थायी ठेगानाः

अञ्चल ............... जिल्ला ............... गा.वि.स./नगरपालिका ...................

वडा नं. ........ टोल ............... फोन/फ्याक्स/ईमेल ..................................

(७) अस्थायी वा पत्राचार गर्ने ठेगाना:

अञ्चल ................ जिल्ला ................ गा.वि.स./नगरपालिका ....................

वडा नं. ........ टोल ................ फोन/फ्याक्स/ईमेल ....................................

(८) कुनै संस्थामा कार्यरत भए

सो संस्थाको नामः ..........................................................................................

ठेगाना ..............................................................................................................

(९) हाल दर्ता हुन चाहेको किसिमः स्थायी ....................... श्रेणी .......................

(१०)यसभन्दा अघि कुनै व्यवसायी परिषद्मा नाम दर्ता भएको भए

परिषद्को नामः ..................................................................................................

दर्ता नं.: ..........................................................................................................

मितिः ...............................................................................................................

(११)शैक्षिक योग्यता वा उपाधिको बिवरण:

**(क) सामान्य**

| *क्र.सं.* | *प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि* | *अध्ययन संस्थान* | *साल* | *श्रेणी* | *कैफियत* |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**(ख) पेशागत**

| *क्र.सं.* | *प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि* | *अध्ययन संस्थान* | *साल* | *श्रेणी* | *कैफियत* |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

उपरोक्त बमोजिम लेखिएको बिवरण ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

**निवेदकको**

हस्ताक्षर : ...........................................

पूरा नाम थर : .....................................

मिति : ...............................................

---

द्रष्टव्यः दरखास्तवालाले दरखास्तसाथ पासपोर्ट साइजको तीन (३) प्रति फोटो, नागरिकताको प्रमाणपत्र र दरखास्त फाराममा लेखिए बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिमको प्रमाणपत्रको सक्कल र प्रमाणित नक्कल दुई प्रति समेत संलग्न गर्नु पर्नेछ ।

## अनुसूचि-२

**(नियम ५ को उपनियम (१) संग सम्बन्धित)**

**परिषद्मा आवधिक नाम दर्ता गर्ने दरखास्तको नमूना**

| |
|---|
| दरखास्तवालाको<br>पासपोर्ट साइजको<br>फोटो |

श्री रजिष्ट्रार,
नेपाल पशु चिकित्सा परिषद्,
भेटेरिनरी कम्प्लेक्स,
त्रिपुरेश्वर, काठमाण्डौं ।

महोदय,

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा १२ को उपदफा (१) तथा नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ को नियम ५ बमोजिम नेपाल पशु चिकित्सा परिषद्को दर्ता किताबमा आवधिक नाम दर्ता गराउन देहाय बमोजिमको बिवरण खोली यो दरखास्त पेश गरेको छु ।

(१) पूरा नाम र थरः ..............................................................................

FULL NAME (IN BLOCK LETTERS): .............................................

(२) जन्म मितिः ..............................................................................

(३) बाबुको नामः ..............................................................................

(४) बाजेको नामः ..............................................................................

(५) बिवाहिता भए पति वा पत्नीको नामः ...................................................

(६) स्थायी ठेगानाः

अञ्चल ................ जिल्ला ................. गा.वि.स./नगरपालिका .................

वडा नं. ....... टोल ......................... फोन/फ्याक्स/ईमेल ............................

(७) अस्थायी वा पत्राचार गर्ने ठेगानाः

अञ्चल ................ जिल्ला ................. गा.वि.स./नगरपालिका .................

वडा नं. ....... टोल ......................... फोन/फ्याक्स/ईमेल ............................

(८) आवद्ध भै कार्य गर्न लागेको संस्थाको नामः ................................................

ठेगानाः .............................................................................................

कार्यस्थलः .........................................................................................

(९) राहदानी नम्बर तथा राहदानी जारी गर्ने मुलुकको नामः ...............................

(१०)भिसा लिएको मिति र भिसाको अवधिः ......................................................

(११)यसभन्दा अघि कुनै व्यवसायी परिषद्मा नाम दर्ता भएको भए

परिषद्को नामः ...............................................................................

मुलुकः ..........................................................................................

दर्ता नं.: .......................................................................................

मितिः ............................................................................................

(१२)शैक्षिक योग्यता वा उपाधिको विवरणः

(क) सामान्य

| *क्र.सं.* | *प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि* | *अध्ययन संस्थान* | *साल* | *श्रेणी* | *कैफियत* |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(ख) पेशागत

| *क्र.सं.* | *प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि* | *अध्ययन संस्थान* | *साल* | *श्रेणी* | *कैफियत* |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

उपरोक्त बमोजिम लेखिएको बिवरण ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

**निवेदकको**

हस्ताक्षर : ..........................................

पूरा नाम थर : ....................................

मिति : ...............................................

---

द्रष्टव्य: दरखास्तवालाले दरखास्तसाथ पासपोर्ट साइजको तीन (३) प्रति फोटो, नागरिकताको प्रमाणपत्र र दरखास्त फाराममा लेखिए बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिमको प्रमाणपत्रको सक्कल र प्रमाणित नक्कल दुई प्रति समेत संलग्न गर्नु पर्नेछ ।

## अनुसूचि–३
**(नियम ६ संग सम्बन्धित)**

**<u>परिषद्मा बिशेषज्ञ दर्ता गर्ने दरखास्तको नमूना</u>**

| |
|---|
| दर्तावाला पशु चिकित्सकको पासपोर्ट साइजको फोटो |

श्री रजिष्ट्रार,
नेपाल पशु चिकित्सा परिषद्,
भेटेरिनरी कम्प्लेक्स,
त्रिपुरेश्वर, काठमाण्डौं ।
महोदय,

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा १२ को उपदफा (१) तथा नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ को नियम ६ बमोजिम नेपाल पशु चिकित्सा परिषद्को बिशेषज्ञ दर्ता किताबमा बिशेषज्ञको रुपमा नाम दर्ता गराउन देहाय बमोजिमको बिवरण खोली यो दरखास्त पेश गरेको छु ।

(१) पूरा नाम र थरः ..............................................................................
FULL NAME (IN BLOCK LETTERS): ..............................................
(२) दर्ता किताबमा स्थायी दर्ता नं.: ..............................................................
(३) पत्र व्यवहार गर्ने ठेगानाः .....................................................................
(४) कुनै संस्थामा कार्यरत भए सो संस्थाको नाम : ..........................................
ठेगानाः ..................................................................................................
(५) हाल दर्ता हुन चाहेको बिशेषज्ञ विषयः ........................................................
(६) यस अघि अन्य बिशेषज्ञ विषयमा दर्ता भएको भए
विषयः ...................................................................................................
दर्ता नं.: ........................................ मितिः ..........................................

(७) बिशेषज्ञ दर्ताको लागि हासिल गरेको योग्यता/दक्षता/उपाधि सम्बन्धी बिवरण:

| *क्र. सं.* | *प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि* | *अध्ययन संस्थानको नाम र ठेगाना* | *साल* | *श्रेणी* | *अध्ययन गरेको विषय* |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

उपरोक्त बमोजिम लेखिएको बिवरण ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

**निवेदकको**

हस्ताक्षर : ..........................................

पूरा नाम थर : ...................................

मिति : ..............................................

---

द्रष्टव्यः दरखास्तवालाले दरखास्तसाथ पासपोर्ट साइजको तीन (३) प्रति फोटो, नागरिकताको प्रमाणपत्र र दरखास्त फाराममा लेखिए बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिमको प्रमाणपत्रको सक्कल र प्रमाणित नक्कल दुई प्रति समेत संलग्न गर्नु पर्नेछ ।

## अनुसूचि–४
## (नियम ७ को उपनियम (१) संग सम्बन्धित)

**दर्ता किताबको ढाँचा**

दर्तावाला पशु चिकित्सकको पासपोर्ट साइजको फोटो

दर्ता नं.: ....................................

नामः ..........................................................................................................................

ठेगानाः .......................................................................................................................

बावुको नामः ................................................................................................................

बाजेको नामः ...............................................................................................................

पति/पत्नीको नामः ........................................................................................................

कार्यरत संस्थाः .............................................................................................................

कार्यरत संस्थाको ठेगानाः ..............................................................................................

जन्म मितिः ...................................................................................................................

शैक्षिक योग्यताः

(क) **सामान्य**

१. ....................................

२. ....................................

३. ....................................

४. ....................................

(ख) **पेशागत**

१. ....................................

२. ....................................

३. ....................................

४. ....................................

**प्रमाणपत्र वाहकको हस्ताक्षरः** ....................................

दर्ता मितिः ....................................

परिषद्को निर्णय मितिः ....................................

**बिवरण भर्नेको**

सहीः ..........................................................................

नाम थरः ....................................................................

पदः ....................................

....................................

रजिष्ट्रारको हस्ताक्षरः

थप बिवरण तथा परिवर्तन आदिः

| ***मिति*** | ***बिवरण*** | ***बिवरण भर्नेको सही*** | ***रजिष्ट्रारको सही*** | ***कैफियत*** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**फाराम-१**

**अनुसूचि-५**

**(नियम ८ को खण्ड (क) संग सम्बन्धित)**

| दर्तावाला पशु चिकित्सकको पासपोर्ट साइजको फोटो |
|---|

**दर्ता प्रमाणपत्रको ढाँचा**

नेपाल पशु चिकित्सा परिषद्

NEPAL VETERINARY COUNCIL

(नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम स्थापित)

नेपाल पशु चिकित्सा परिषद्मा स्थायी दर्ता भएको प्रमाणपत्र

Certificate of Permanent Registration in Nepal Veterinary Council

प्रमाणपत्र नं. ............................................. मितिः .......................................

Certificate No. ....................................... Date: .......................................

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत परिषद्को दर्ता किताबमा पशु चिकित्सकको रुपमा स्थायी दर्ता गरी तपाईलाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।

This is to certify that undersigned Veterinary Doctor has been registered in the permanent register of Nepal Veterinary Council under the provision of Nepal Veterinary Council Act, 1999.

| नाम<br>Name | जन्म मिति<br>Date of birth | स्थायी ठेगाना<br>Permanent address | शैक्षिक योग्यता / हासिल गरेको साल<br>Academic qualification / year |
|---|---|---|---|
| | | | |

.................................. ............................ .........................

प्रमाणपत्र वाहकको दस्तखत — रजिष्ट्रार — अध्यक्ष

Signature of certificate holder — Registrar — President

**फाराम-२**

**अनुसूचि-५**

**(नियम ८ को खण्ड (ख) संग सम्बन्धित)**

**दर्ता प्रमाणपत्रको ढाँचा**

दर्तावाला पशु चिकित्सकको पासपोर्ट साइजको फोटो

नेपाल पशु चिकित्सा परिषद्

NEPAL VETERINARY COUNCIL

(नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम स्थापित)

नेपाल पशु चिकित्सा परिषद्मा आवधिक दर्ता भएको प्रमाणपत्र

Certificate of Periodic Registration in Nepal Veterinary Council

प्रमाणपत्र नं. ............................................. मितिः ........................................

Certificate No. ....................................... Date: ........................................

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत परिषद्को दर्ता किताबमा पशु चिकित्सकको रुपमा आवधिक दर्ता गरी तपाईलाई यो प्रमाणपत्र प्रदान गरिएको छ।

This is to certify that undersigned Veterinary Doctor has been registered in the periodic register of Nepal Veterinary Council under the provision of Nepal Veterinary Council Act, 1999.

| नाम<br>Name | जन्म मिति<br>Date of birth | ठेगाना<br>Address | कार्य गर्ने संस्थाको नाम र ठेगाना<br>Name and Address of the working organization | शैक्षिक योग्यता / हासिल गरेको साल<br>Academic qualification / year |
|---|---|---|---|---|
| | | | | |

| ................................... | ............................. | .......................... |
|---|---|---|
| प्रमाणपत्र वाहकको दस्तखत | रजिष्ट्रार | अध्यक्ष |
| Signature of certificate holder | Registrar | President |

द्रष्टव्य: १. यो प्रमाणपत्र जारी गरिएको मितिले छ महिनाको लागि मान्य हुनेछ ।

This certificate is valid for six months from the date of issue.

२. उल्लिखित संस्थामा आवद्ध भै कार्य गर्न मात्र मान्य हुनेछ, निजी व्यवसाय गर्न पाइने छैन ।

The certificate holder is alowed to render the professional service only in the organization specified above.

**फाराम-३**

**अनुसूचि-५**

**(नियम ८ को खण्ड (ग) संग सम्बन्धित)**

**दर्ता प्रमाणपत्रको ढाँचा**

दर्तावाला पशु चिकित्सकको पासपोर्ट साइजको फोटो

नेपाल पशु चिकित्सा परिषद्

NEPAL VETERINARY COUNCIL

(नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम स्थापित)

नेपाल पशु चिकित्सा परिषद्मा बिशेषज्ञ दर्ता भएको प्रमाणपत्र

Certificate of Specialist Registration in Nepal Veterinary Council

प्रमाणपत्र नं. ............................................. मितिः .......................................

Certificate No. ....................................... Date: .......................................

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत परिषद्को दर्ता किताबमा बिशेषज्ञ पशु चिकित्सकको रुपमा दर्ता गरी तपाईलाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।

This is to certify that undersigned Veterinary Doctor has been registered in the Specialist Register of Nepal Veterinary Council under the provision of Nepal Veterinary Council Act, 1999.

| नाम<br>Name | जन्म मिति<br>Date of birth | ठेगाना<br>Address | शैक्षिक योग्यता / हासिल गरेको साल<br>Academic qualification / year | बिशेषज्ञ क्षेत्र<br>Field of specialization |
|---|---|---|---|---|
| | | | | |

| ................................... | .............................. | .......................... |
|---|---|---|
| प्रमाणपत्र वाहकको दस्तखत | रजिष्ट्रार | अध्यक्ष |
| Signature of certificate holder | Registrar | President |

## अनुसूचि-६
## (नियम ९ संग सम्बन्धित)

**<u>मान्यताको लागि दरखास्त फारामको ढाँचा</u>**

मितिः

श्री रजिष्ट्रार,
नेपाल पशु चिकित्सा परिषद्,
भेटेरिनरी कम्प्लेक्स,
त्रिपुरेश्वर, काठमाण्डौं ।

महोदय,

मैले सन् ............... मा .................................................... बिश्वबिद्यालय अन्तर्गत .................................................................. कलेजबाट पशु चिकित्सा शास्त्रमा ...................................... उपाधि हासिल गरेको छु । यस उपाधिलाई नेपाल पशु चिकित्सा परिषद्बाट मान्यता पाउन तपसीलको बिवरण संलग्न राखी यो दरखास्त पेश गरेको छु ।

**<u>बिवरणः</u>**

(१) प्राप्त उपाधिको सक्कल सहित २ (दुई) प्रति नक्कल प्रमाणपत्र तथा लब्धाङ्कपत्र ।
(२) वर्ष खुलेको पाठ्यक्रम ।
(३) ..............................................
(४) ..............................................

निवेदकको,

सहीः ..............................................
नाम थरः .........................................
ठेगानाः ...........................................
फोन/फ्याक्स /ईमेलः ..........................

निर्णय मिति : २०७७/०८/२६

# नेपाल पशु चिकित्सा परिषद् दर्तावाल पशु चिकित्सकको आचारसंहिता

## (दोश्रो संशोधन) विनियमावली, २०७७


## नेपाल पशु चिकित्सा परिषद्

भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर
फोन नं. ०१ ४२५९१४४, ४२६१२१०
ईमेलः info.nvc.com.np
पोष्ट बक्स नं.: २१६५५,
त्रिपुरेश्वर, काठमाण्डौं

# नेपाल पशु चिकित्सा परिषद्
# दर्तावाल पशु चिकित्सकको आचार संहिता (दोश्रो संशोधन) विनियमावली, २०७७

## प्रस्तावना

पशु चिकित्सा व्यवसायलाई प्रभावकारी वनाई व्यवस्थित गराउन, वैज्ञानिक ढंगले परिचालन गर्न तथा पशु चिकित्सकहरुको योग्यता अनुसार नाम दर्ता गरी गुणस्तरीय पशु चिकित्सा सेवा प्रदान गर्न नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९ को खण्ड (ङ) बमोजिमको दर्तावाल पशु चिकित्सकको आचार संहिताको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएकोले परिषद्ले सोही ऐनको दफा २९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको आचार संहिता जारी गरेकोछः-

१. **नामः** (१) यो विनियमावलीको नाम "नेपाल पशु चिकित्सा परिषद् दर्तावाल पशु चिकित्सकको आचार संहिता विनियमावली, २०५८" रहेकोछ ।

(२) यो विनियमावली तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,–

(क) "ऐन" भन्नाले नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ लाई सम्झनु पर्छ ।

(ग) "पशु चिकित्सा व्यवसाय" भन्नाले पशु स्वास्थ्य, पशु उत्पादन, पशु कल्याण, पशुजन्य खाद्य पदार्थ, पशु पोषण र भेटेरिनरी जनस्वास्थको क्षेत्रमा गरिने अध्ययन, अध्यापन, अनुसन्धान, उपचार, परामर्श सेवा तथा नियमन सम्बन्धी देहायका कार्य सम्झनु पर्छ :–

(१) पशु सम्वन्धी रोग वा चोटपटक निदान, उपचार, रोकथाम वा नियन्त्रण, पशुको शारीरिक अवस्थाको जानकारी गर्न र औषधिको प्रेस्क्रिप्सन दिने सम्बन्धमा गरिने कार्य,

(२) पशु सम्बन्धी अध्ययन, अध्यापन तथा अनुसन्धान गर्दा पशुमा पीडा अनुभूति गराउने वा गराउन सक्ने कार्य,

(३) कृत्रिम गर्भाधान र भ्रुण प्रत्यारोपण सम्वन्धी कार्य लगायत सबै प्रकारका छेदनकारी कार्य,

(४) पशु तथा मानिस बीच सर्न सक्ने रोगको नियन्त्रणको लागि गरिने कार्य,

(५) पशुजन्य खाद्य पदार्थमा गरिने परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्य,

(६) पशु रोग नियन्त्रणको लागि पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीमा गरिने निरिक्षण तथा प्रमाणिकरण सम्बन्धी कार्य,

(७) माथि उल्लेख गरिएका विषयसंग सम्बन्धित निगरानी, सर्विलेन्स, अन्वेषण, प्रसार तथा परामर्श सेवा सम्बन्धी कार्य,

(घ) "पशु चिकित्सा सेवा" भन्नाले पशु चिकित्सा व्यवसायसंग सम्बन्धी सेवा प्रदान गर्ने कार्य सम्झनु पर्छ ।

## ३. दर्तावाल पशु चिकित्सकको आचरणः

दर्तावाल पशु चिकित्सकको आचरण देहाय बमोजिम हुनेछः-

(१) पशुको भलाईलाई आफ्नो प्रथम दायित्व सम्झी पशुको हेरचाह तथा उपचार पूर्ण मानवीय (humane) तबरले गर्ने ।

(२) आफ्नो व्यावशायिक ज्ञान, शिप र दक्षताको विकास गर्न सदैव प्रयासरत रहने ।

(३) आफ्ना ग्राहकहरुको चाहनालाई उचित ध्यान दिई राम्रो सम्वन्ध राख्दै उनीहरुको आफुप्रति विश्वास कायम राख्ने ।

(४) पशु चिकित्सा व्यवशायलाई मर्यादित र सम्मानित पेशाको रुपमा ग्रहण गर्ने ।

(५) आफ्नो पेशाका सहकर्मीहरुसंग असल भाइचाराको सम्वन्ध कायम राख्ने ।

(६) आफ्नो पेशासंग सम्वन्धित कानूनको राम्रो जानकारी राखी यसप्रति वफादार भै काम गर्ने ।

(७) आफ्नो व्यवशायसंग सम्वन्धीत विषयमा कुनै उजुरी, गुनासो वा सिकायत प्राप्त हुन आएमा सो उपर अविलम्ब सुनुवाई गरी उचित सम्बोधन गर्ने ।

(८) मादक पदार्थ सेवन गरेको अवस्थामा पशु चिकित्सा सेवा प्रदान नगर्ने ।

(९) सेवा प्रदान गर्दा कुनै राजनैतिक वा सामाजीक वा अन्य कुनै दवाव वा आर्थिक, व्यवशायीक र भावनात्मक प्रलोभनमा पर्न नहुने ।

(१०)आफुले प्रदान गरेको पशु चिकित्सा सेवाको अभिलेख राख्ने ।

(११)राज्यले निर्धारण गरेकाआर्थिक, सामाजिक र जनस्वास्थ्यमा असर पार्ने नोटिफायवल (notifiable) रोगहरु देखा परेमा वा शंकास्पद अवस्था भएमा सम्बन्धीत निकायमा यथाशिघ्र सूचना दिने ।

(१२)आफ्नो योग्यता र क्षमतालाई वढाई चढाई वा भ्रम सिर्जना हुने गरी प्रचार प्रसार गर्न नहुने ।

(१३)पशु चिकित्सा सेवा प्रदान गर्दा थप ज्ञान, शिप वा दक्षताको आवश्यकता परेको अवस्थामा सम्बन्धित विशेषज्ञको सहयोगका लागि अनुरोध गर्ने वा रेफर (refer) गर्ने ।

(१४)आफ्नो सेवा शुल्क वा सेवा शुल्कको केही हिस्सा दिने शर्तमा आफुकहां विरामी पशु ल्याउन आकृष्ट नगर्ने वा विचौलिया राखी कार्य नगर्ने ।

(१५)पशु तथा पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको स्वस्थता सम्बन्धी निरीक्षण तथा आवश्यकता अनुसारको परीक्षण गरेर मात्र प्रमाणिकरण गर्ने ।

(१६)परिषद्लाई ऐन नियम तथा मापदण्ड कार्यान्वयन गर्न गराउनमा आवश्यक सहयोग गर्ने ।

## ४. प्रतिज्ञा गर्नु पर्नेः

ऐनको दफा १३ को उपदफा (४) वमोजिम दर्ता प्रमाणपत्र प्राप्तिसंगै प्रत्येक दर्तावाल पशु चिकित्सकले अनुसूची १ बमोजिमको लिखित प्रतिज्ञा (veterinarian's oath) गर्नु पर्नेछ ।

## ५. दर्तावाल पशु चिकित्सकको उत्तरदायित्वः

(१) दर्तावाल पशु चिकित्सक परिषद्, पशु चिकित्सा सेवा सम्बन्धी आधिकारिक निकाय (veterinary authority), पेशागत सहकर्मी, समाज र सेवाग्राही प्रति उत्तरदायी हुनेछ ।

(२) दर्तावाल पशु चिकित्सकले देहाय बमोजिम गरी गराई परिषद्प्रतिको् दायित्व पुरा गर्नेछ :

(क) परिषद्ले दर्तावाल पशु चिकित्सकको लागि निर्धारण गरेको आचार संहिताको पूर्ण पालना गर्ने ।

(ख) दर्तावाल पशु चिकित्सकले भेटेरिनरी प्रमाणपत्र जारी गर्नु अघि पशु वस्तुको स्वास्थ्य परीक्षण गर्ने, उत्पत्तिको प्रमाण सहित प्रमाणपत्रमा तथ्यपरक विवरण उल्लेख गर्ने, प्रमाणपत्र सुरक्षित राख्ने, जिम्मेवारीपूर्वक प्रमाणीकरण गर्ने ।

(ख) भेटेनिरी प्रमाणपत्र समेतका आफुले प्रदान गरेको पशु चिकित्सा व्यवसायको अभिलेख राखी परिषद्ले माग गरेको बखत विवरण पेश गर्ने ।

(ग) भेटेरिनरी प्रमाणपत्र जारी गर्दा वा पशुचिकित्सा सेवा प्रदान गर्दा प्रचलित कानून र दर्तावाल पशुचिकित्सकको आचार संहिता विनियमावली, २०७२ अनुरुप गर्ने गराउने ।

(३) दर्तावाल पशु चिकित्सकले देहाय बमोजिम गरी गराई पशु चिकित्सा सेवा सम्बन्धी आधिकारिक निकाय (veterinary authority), प्रतिको दायित्व पुरा गर्नेछ :

(क) पशु चिकित्सा व्यवसायसंग सम्बन्धित प्रचलित ऐन, नियम, मापदण्ड र अन्य कानूनी व्यवस्थाको पूर्ण पालना गर्ने ।

(ख) गुणस्तरीय पशु चिकित्सा सेवा प्रवाह गर्नमा सहयोग गर्ने ।

(२) दर्तावाल पशु चिकित्सकको पशु र सेवाग्राही प्रतिको उत्तरदायित्व देहाय बमोजिम हुनेछः

(क) आफ्नो ज्ञान, शिप र दक्षताले भ्याएसम्म पशुलाई मानवीय (humane) व्यवहार गर्ने ।

(ख) पशुको कल्याण र सेवाग्राहीको हितलाई ध्यान दिई सेवा प्रदान गर्ने ।

(ग) रोगी पशुको अवस्था र महत्व हेरी आवश्यक देखिएमा सेवाग्राहीको लिखित अनुरोधमा मात्र आनन्दीमरण (Euthanesia) सेवा प्रदान गर्ने,

(३) सेवाग्राहीलाई जानकारी गराई देहायको अवस्थामा आफुले प्रदान गर्दै आएको पशु चिकित्सा सेवाबाट सम्बन्धीत पशु वा सेवाग्राहीलाई बञ्चित गराउन सकिनेछः

(क) आफ्नो निर्देशन अनुसार औषधि उपचार गर्न नमानेमा

(ख) अनावश्यक औषधिको माग गरेमा

(ग) अनैतिक काम गराउन खोजेको महसुस भएमा

(घ) पशु धनीले शुल्क दिन इन्कार गरेमा

(ङ) औषधि उपचारबाट निको नहुने भएमा वा थप उपचार गरेतापनि उत्पादन योग्य वा उपयोगी बनाउन नसकिने भएमा ।

(४) पशुलाई एनेस्थेसिया दिदा, शल्य चिकित्सा गर्दा वा अन्य जोखिमपूर्ण प्रविधिको प्रयोग गर्दा सम्भावित जोखिम बारे पशु धनीलाई जानकारी गराई आवश्यकता अनुसार नीजबाट लिखित स्वीकृति लिनु पर्नेछ ।

## ६. पेशागत सहकर्मी प्रतिको दायित्व तथा आपसी सम्वन्धः

दर्तावाल पशु चिकित्सकको पेशागत सहकर्मि प्रतिको दायित्व तथा आपसी सम्वन्ध देहाय वमोजिम हुनेछः

(१) आफ्नो पेशागत सहकर्मीलाई सदैव आदर गर्ने र शब्द वा व्यवहारवाट होच्याउने वा अपमानित नगर्ने,

(२) आफुले दिई राखेको सेवा अन्य पशु चिकित्सकबाट लिन चाहेमा सेवा ग्राहीलाई वाधा नपार्ने,

(३) आफ्नो उपचार सेवामा रहेको पशुको उपचारको जिम्मा अर्को सहकर्मीले लिएको अवस्थामा त्यस्तो पशुको उपचार सम्वन्धी विवरण माग भएमा उपलब्ध गराउने,

(४) दुई वा दुईभन्दा बढी दर्तावाल पशु चिकित्सकहरुले एउटै पशु धनीको एउटै पशु वा भिन्नै पशुहरुको छुट्टा छुट्टै उपचार गरिरहेको अवस्थामा आफूले गरेको कार्यको पूर्ण जानकारी एक आपसमा समयमै आदान प्रदान गर्नु पर्नेछ ।

(५) पशु चिकित्सकहरुको बीचमा देखा पर्ने पेशागत विवादहरु संवाद तथा छलफलको माध्यमद्वारा आपसि समझदारीको आधारमा सुल्झाउने प्रयास गर्नु पर्नेछ ।

(६) दर्तावाल पशु चिकित्सकले आफ्नो ज्ञान, सिप र दक्षता अभिबृद्धि गर्न सहयोग मागेमा त्यस्तो सहयोग गर्नु पेशागत सहकर्मी प्रतिको कर्तव्य हुनेछ ।

## ७. जनस्वास्थ्यप्रतिको दायित्वः

दर्तावाल पशु चिकित्सकको सर्वसाधारण प्रतिको दायित्व देहाय वमोजिम हुनेछः

(१) दुध, फूल र मासुको लागि पालिने पशुमा औषधि प्रयोग गर्दा जनस्वास्थ्यको हितलाई समेत विचार गरी प्रयोग गर्ने ।

(२) कुनै औषधिको प्रयोगवाट पशुमा अनपेक्षित रुपमा अवाञ्छित असर देखापरेमा सो बिषयमा सम्वन्धित निकायमा तुरुन्त जानकारी गराउने ।

(३) जन स्वास्थ्यमा अहित हुने कुनै पनि कृयाकलाप नगर्ने ।

## ८. गोपनियता कायम राख्नेः

दर्तावाल पशु चिकित्सकले आफ्नो सेवा प्रदान गर्ने सिलसिलामा आफुलाई प्राप्त हुन आएको सेवाग्राही वा पशु सम्वन्धी जानकारी सेवाग्राहीको मन्जुरी विना अरुलाई दिनु हुंदैन ।

तर यसरी आफुलाई प्राप्त हुन आएको जानकारी बाहिर प्रकाशमा नल्याउंदा पशु चिकित्सा व्यवशायमा असर पर्ने अवस्था भएमा नेपाल पशु चिकित्सा परिषद्को अनुमति लिई त्यस्तो जानकारी सार्वजनिक गर्न सकिने छ ।

## ९. सेवा शूल्क सम्वन्धीः

(१) दर्तावाल पशु चिकित्सकले प्रचलित कानूनको अधिनमा रही पशु चिकित्सा सम्वन्धी सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्कको निर्धारण दर्तावाल पशु चिकित्सक र सेवाग्राही बीचको समझदारीमा आधारित हुनेछ ।

(२) दर्तावाल पशु चिकित्सकले सेवा शूल्क निर्धारण गर्दा अवलम्वन गरिने रोग निदान विधि, उपचार प्रविधि र उपचार पश्चातका अन्य सेवामा कुनै कारणवश पूर्व अनुमानित शुल्क भन्दा वढी शुल्क असुल गर्नु पर्ने भएमा सो कुराको कारण सहितको जानकारी ग्राहकलाई समय मै गराउनु पर्नेछ ।

**१०. <u>पशु चिकित्सा व्यवसाय संचालन र सूचना सम्प्रेषण</u>:**

(१) दर्तावाल पशु चिकित्सकले प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट स्वीकृति लिई पशु चिकित्सा व्यवसाय सचालन गर्न सक्नेछ ।

(२) दर्तावाल पशु चिकित्सकले पशु चिकित्सा सेवा संचालन गर्दा सेवाको प्रकृति, क्षेत्र, समय तालिका, आकस्मिक सेवा उपलब्ध गराउन सकिने वा नसकिने आदि सेवाग्राहीसंग सम्बन्धीत सूचनाहरु सेवा प्रदान गर्ने स्थलमा सार्वजनीक रुपमा जानकारी गराउनु पर्नेछ ।

(३) दर्तावाल पशु चिकित्सकले आफ्नो र आफुले प्रदान गर्ने पशु चिकित्सा व्यवसायको सम्बन्धमा सत्यतथ्यमा आधारित सूचना मात्र सम्प्रेषण गर्नु पर्नेछ ।

(४) सार्वजनिक संचारको माध्यमद्वारा सूचना सम्प्रेषण गर्दा आफ्नो व्यक्तिगत विचार वा स्थापित सत्य तथ्य (Established fact) हो भन्ने कुरा स्पष्ट छुट्टिने गरी दिनु पर्नेछ ।

**११. दर्तावाल पशु चिकित्सकको अनुगमन**:

(१) परिषद्ले दर्तावाल पशु चिकित्सकले आचार संहिता विनियमावली पालना गरे नगरेको सम्बन्धमा आवश्यक कार्यविधि अवलम्बन गरी नीरिक्षण तथा अनुगमन गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम अनुगमन गर्दा आवश्यक सहयोग गर्नु दर्तावाल पशु चिकित्सकको कर्तव्य हुनेछ ।

(३) दर्तावाल पशु चिकित्सकको स्थलगत नीरिक्षण तथा अनुगमन गर्दा प्रयोग गर्ने फाराम अनुसूची २ बमोजिम हुनेछ ।

**१२. दण्ड सजाय**: (१) दर्तावाल पशु चिकित्सकले नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ र सो अन्तरगत बनेका नियमावली, मापदण्ड तथा विनियमावलीको विपरीत हुने गरी कुनै काम गरे गराएमा कसूर गरेको मानिनेछ ।

(२) ऐनको दफा ९ को खण्ड (ङ) बमोजिमको आचार संहिता उल्लंघन गरेको आरोप लागेको दर्तावाल पशु चिकित्सकलाई परिषद्द्वारा गठित जाँचबुझ समितिले नियमावलीको नियम १९ बमोजिम बयान गराउन र र निज उपर लागेको आरोपको बिरुद्ध सबुद प्रमाणहरु पेश गर्न लगाउन सक्नेछ ।

(३) उपविनियम (२) बमोजिम आरोप लागेका दर्तावाल पशु चिकित्सकले नियमावलीको नियम २० बमोजिम दिईएको सफाई पेश गर्ने समय भित्र सफाई पेश गर्नु पर्नेछ ।

(४) दर्तावाल पशु चिकित्सकले पालन गर्नु पर्ने आचार संहिता उल्लंघन गरेको आरोप लागेको दर्तावाल पशु चिकित्सकलाई परिषद्ले नियमावलीको नियम २१ बमोजिम जाँचबुझ प्रारम्भ भएको मितिदेखि सामान्यता दुई महिनासम्मको लागि पशु चिकित्सा व्यवसाय गर्नबाट निलम्बन गर्न सक्नेछ ।

(५) कुनै पशु चिकित्सकलाई नियमावलीको नियम २१ बमोजिम पशु चिकित्सा व्यवसाय गर्नबाट निलम्बन गरिएमा सो कुराको जानकारी सम्बन्धित पशु चिकित्सक र निज कुनै संस्थामा कार्यरत भए त्यस्तो संस्थालाई समेत जानकारी दिनु पर्नेछ । निलम्बन भएको जानकारी प्राप्त भएपछि सम्बन्धित संस्थाले पनि सम्बन्धित पशु चिकित्सकलाई सो संस्थाको पेशागत सेवाबाट निलम्बन गर्नु पर्नेछ ।

(६) आचार सहिता उल्लघन गर्ने दर्तावाल पशु चिकित्सकलाई सोही ऐनको दफा २७ को उपदफा (३) बमोजिम दुई हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

(७) आचार संहिता उल्लंघन गर्ने गराउने दर्तावाल पशु चिकित्सकलाई प्रचलित कानून बमोजिम कारबाही गरी सार्वजनिक सूचना मार्फत नाम सार्वजनिक गर्न सकिनेछ ।

## नेपाल पशु चिकित्सा परिषद्

## अनुसूची १

## (दर्तावाल पशु चिकित्सकको आचार संहिता (प्रथम संशोधन) विनियमावली, २०७२ को

विनियम ४ को उपविनियम (१) संग सम्बन्धीत)

**दर्तावाल पशु चिकित्सकको शपथ**

**प्रतिज्ञा**

म ............................ नेपाल पशु चिकित्सा परिषद्को दर्तावाल पशु चिकित्सकको हैसियतले यस पेशामा कार्यरत रहुन्जेल नेपाल पशु चिकित्सा परिषद् प्रति वफादार रही मेरो वुद्धि र क्षमताले भ्याएसम्म यस परिषद्को उद्देश्य पूर्तिगर्ने काममा सदा सर्वदा समर्पित रहने घोषणा गर्दै पशु चिकित्सा व्यवशायको स्तर उच्च कायम राख्दै पशुको सेवागरी तिनको कल्याणलाई सर्वोपरि राख्ने प्रतिज्ञा गर्दछु ।

मैले नेपाल पशु चिकित्सा परिषद् ऐन, नियमावली, विनियमावली तथा आचार संहिता र अन्य प्रचलित कानुनले निर्दिष्ट गरेको पशु चिकित्सकको काम कर्तव्य विपरीत काम गर्ने छैन ।

दस्तखतः

नामः

दर्ता नं.:

ठेगानाः

मितिः

# अनुसूची २

## (विनियम ११ को उपविनियम (१) संग सम्बन्धित)

दर्तावाल पशु चिकित्सकको अनुगमन तथा आचार संहिता मूल्यांकन फाराम

१. तपाईको उच्चतम् शैक्षिक योग्यता के हो ?

..............................................................................................................

२. आफ्नो योग्यतानुसारको काम गर्नु हुदै छ की योग्यता भन्दा भिन्न प्रकारको काम गर्नु हुदै छ ?

(क) पशु चिकित्सक भई काम गर्दै छु (ख) पशु चिकित्सक भन्दा भिन्न प्रकृतिको काम गर्छु

३. कार्यक्षेत्र (क) जिल्ला .................. (ख) गा./न.पा................. वडा नं..... (ग) नेपाल भर

४. आफ्नो योग्यता अनुसारको काम गर्दै हुनुहुन्छ भने तत्सम्बन्धी अन्य थप तालिम तथा प्रशिक्षणहरुमा सहभागी हुनु भएको छ ? छ भने के के विषयमा कति अवधिका ?

(क) ...................................................................................................

(ख) ...................................................................................................

५. तपाईले नेपाल पशु चिकित्सा परिषद्मा नाम दर्ता गराउनु भएको छ ? छ भने दर्ता नं. .........

६. तपाईले पशु चिकित्सा परिषदमा दर्ता हुँदा परिषद्ले तयार पारेको आचार संहिता अनुसार काम गर्ने छु भन्ने प्रतिज्ञा गर्नु भएको छ ? छ/छैन

७. तपाई, नेपाल पशु चिकित्सा परिषद्ले भेटेरिनरीयनका लागि लागू गरेको आचार संहिताको बारेमा जानकार हुनुहुन्छ ? छ/छैन

छ भने, कुन कुन कुराहरु विशेष पालन गर्नु हुन्छ ।

..............................................................................................................

..............................................................................................................

८. तपाईले उपचार गरिराखेको पशुपन्छी ठिक हुन नसक्दा अन्य कुनै विशेषज्ञको सहयोग लिने गरेको छ ? छ/छैन

९. तपाईले उपचार गरि राखेको पशु निको भएन भने कस्तो अवस्थामा उपचार गर्न बन्द गर्नु हुन्छ ?

.......................................................................................................................

१०. तपाईले कहिल्यै पशु पन्छीको स्वास्थ्य प्रमाणपत्र जारी गर्नु भएको छ ?

छ/छैन

छ भने (१) जारी गरेको प्रमाणपत्रको नक्कल प्रति तपाईसंगै छ ?

छ/छैन

(२) प्रमाणपत्र जारी गरिने पशुपंक्षि वस्तुलाई हेरेर मात्र दिनु हुन्छ ?

(क) हो (ख) कहिले काही सम्भव हुदैन

(३) पशु वस्तु नजाँचिकनै जारी गरिने प्रमाणपत्र कसैको हस्ते पशु धनिलाई पठाई दिने गरेको छ की ?

(क) छ (ख) पशु धनिलाई बोलाएर दिने गरेको छ

(ग) दुवै गर्ने गरेको छैन

११. पशुपन्छी उपचार सेवा दिन तपाईको निजि उपचार केन्द्र छ ?

छ/छैन

छ भने, उक्त केन्द्रमा तपाईको शैक्षिक योग्यता, सेवा प्रदान गर्ने समय र उपलब्ध हुने सेवाहरु सार्वजनिक गरेर राख्नु भएको छ ? छ/छैन

१२. पशुपन्छी उपचार अथवा सेवा प्रदान गरे वापत शुल्क कसरी निर्धारण गर्नुहुन्छ ?

(क) आफुखुसी (ख) सेवाग्राहीसंग सहमति लिएर

(ग) अन्य कसैले निर्धारण गरि दिएको

१३. सेवाग्राहीहरु तपाईको सेवा र सेवा वापत लिने गरेको शुल्कबाट सन्तुष्ट छन् ?

(क) छन् (ख) छैनन् (ग) थाहा छैन

१४. सेवाग्राहीबाट तपाई विरुद्ध कहिं कतै असन्तुष्टि भएको उजुरी परेका छन् ?

(क) छैनन् (ख) छन् (ग) थाहा छैन

छन् भने, कुन निकायमा कस्ता प्रकृतिका उजुरीहरु परेका छन्

(क) ............................................ (ख) ..............................................

१५. तपाईलाई यस अघि यो परिषद्‌बाट केही सोधपुछ गरिएको छ ?

(क) छ (ख) छैन

छ भने, के बिषय थियो ?

(क) .....................................................................................................

(ख) .....................................................................................................

सही नामः

मिति : परिषद् दर्ता नं.

Registered Doctor

Nepal Veterinary Council

# भेटेरिनरी सेवा

**नेपाल सरकारबाट "आवश्यक सेवा" मा सुचिकृत**

थप जानकारीको लागि


**नेपाल पशु चिकित्सा परिषद्**

त्रिपुरा मार्ग, त्रिपुरेश्वर, काठमाडौं

फोनः +९७७ १ ५३६१२१० / ५३५९१४४

ईमेलः info@vcn.gov.np

वेवसाइटः www.vcn.gov.np